ख) PMT फारामका लागि आवश्यक पर्ने कक्षा ८ र १० का विद्यार्थीहरुको मात्रै Student ID अध्यावधिक गर्ने र सोही आधारमा छात्रवृत्तिको लागि तथ्याङ्क भर्ने भराउने अवस्था भेटिएमा त्यस्ता विद्यालयको तथ्याङ्क रद्द हुने हुँदा त्यस्ता विद्यालयका विद्यार्थीहरुले छात्रवृत्ति पाउन सक्ने छैनन्।

२) विद्यालयले अनलाइन फाराम भर्न एक्सेल प्राप्त गर्ने तरिका

(क) विद्यालयसँग Web based IEMIS मार्फत दिइएको पासवर्ड हुनुपर्नेछ। सो पासवर्ड थाहा नभएमा वा बिर्सिएमा सम्बन्धित स्थानीय तहमार्फत प्राप्त गर्न सकिनेछ। यससम्बन्धी कुनै द्विविधा वा कठिनाई भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

(ख) Web based IEMIS को होम पेजमा जानका लागि iemis.doe.gov.np (http/www नहाल्ने अहिलेको लागि) मा जाने र आफ्नो विद्यालयको कोड र पासवर्ड हालेर ीयन क्ष्ल गर्नुपर्नेछ।

(ग) Log In भइसकेपछि बाँयापट्टी Export Excels भन्ने बटन देखिन्छ, उक्त बटनमा क्लिक गर्ने। Year 2076 छनोट गर्ने, कक्षामा ८ र १० (विद्यालयमा चलेको कक्षा अनुसार) छान्ने। Exceltype मा PMT हुनुपर्ने। अब Go मा क्लिक गर्ने। यति गरिसकेपछि तपाईको Computer मा PMT को एक्सेल आएर बस्दछ। सो एक्सेलमा तपाईले Student ID मार्फत भरेका कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुको विवरण पूरै आउँछ। अब छात्रवृत्तिका लागि चाहिने अन्य जानकारीहरु भर्ने भराउने। सो जानकारी भर्न भराउन चाहिने निर्देशन विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

(घ) यस एक्सेलमा काम गरिसकेपछि सोही वेबसाइटमा आउने। Dashboard मा जाने। School Level IEMIS भनेको ठाउँमा PMT छान्ने। अनि एक्सेल अपलोड गर्नुपर्नेछ।